# उदयपुर सिमेन्ट उद्योग लिमिटेड

## आन्तरिक मूल्याङ्कन प्रतिवेदन


**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरवार, काठमाण्डौं**

वैशाख, २०७८

www.npc.gov.np

**मूल्याङ्कन समूहः**

डा. रामकुमार फुयाल,
संयोजक
माननीय सदस्य, राष्ट्रिय योजना आयोग

रेवती रमण पोखरेल
कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग

श्री ऋतु पन्थ,
सदस्य
उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री बबिता मरासिनी,
सदस्य
योजना अधिकृत, राष्ट्रिय योजना आयोग

श्री सोना श्रेष्ठ,
सदस्य
योजना अधिकृत, राष्ट्रिय योजना आयोग

# संक्षेपीकरण

DPR- Detail Project Report

FGD- Focused Group Discussion

IRR- Internal Rate of Return

KII- Key Informant Interview

NPV- Net Present Value

EP-Electrostatic Presipitater

CSR- Corporate Social Resposibility

# विषय- सूची

**मूल्याङ्कन समूह**.......................................................................................................i
**संक्षेपीकरण**..............................................................................................................ii
**विषयसूची** ...............................................................................................................iii
**कार्यकारी सारांश**........................................................................................... iv
**परिच्छेद एक : परिचय**---------------------------------------------------------------------------------१
१.१ पृष्ठभूमि -----------------------------------------------------------------------------------------१
१.२ आन्तरिक मूल्याङ्कनको आवश्यकता -------------------------------------------------------------१
१.३ मूल्यांकनको उद्धेश्य-----------------------------------------------------------------------------२
१.४ मूल्यांकनको क्षेत्र -------------------------------------------------------------------------------२
१.५ मूल्यांकन विधि---------------------------------------------------------------------------------४
१.६ मूल्यांकनको सीमा--------------------------------------------------------------------------------५
**परिच्छेद दुई: उदयपुर सिमेन्ट उद्योग लिमिटेडको परिचय**------------------------------------------६
२.१ उद्योगको परिचय--------------------------------------------------------------------------------६
२.२ उद्योगको अवस्थिति र विद्यमान संरचना ------------------------------------------------------७
२.३. उत्पादन क्षमता-----------------------------------------------------------------------------------८
२.४ पूँजीगत संरचना----------------------------------------------------------------------------------९
२.५ जनशक्ति ----------------------------------------------------------------------------------------९
२.६ उद्योगको बिगत ५ वर्षको वित्तीय अवस्था -----------------------------------------------------९
२.७ उदयपुर सिमेण्ट उद्योगको महत्व र सम्भावना ----------------------------------------------१०
**परिच्छेद तीन: नेपालमा औद्योगिकिकरण**------------------------------------------------------------१३
३.१. पृष्ठभूमि -----------------------------------------------------------------------------------------१३
३.२.नेपालमा सरकारी स्वामित्वमा स्थापित सिमेण्ट उद्योग -----------------------------------------१४
३.३ पन्ध्रौं योजनामा उद्योग क्षेत्र--------------------------------------------------------------------१५
३.४ उद्योग क्षेत्रसँग सम्बन्धित अन्य नीतिगत व्यवस्था ----------------------------------------- १६
**परिच्छेद चार: उदयपुर सिमेन्ट उद्योगको आन्तरिक मूल्याङ्कन**-------------------------------------१७
४.१. छलफल तथा अन्तर्क्रियामा उठेका विषयहरु-------------------------------------------------------१७
४.२. उदयपुर सिमेन्ट उद्योग लिमिटेड को मुल्यांकन मा देखिएको अवस्था-----------------------------२१
४.३. उद्योगको सबल तथा दुर्बल पक्षहरू र अवसर तथा चुनौती ------------------------------------२३
**परिच्छेद पाँच: निष्कर्ष र सुझाबहरु**------------------------------------------------------------------२५
**अनुसूचीहरु**
अनुसूची-१ मूल्याङ्कन समितिको संरचना
अनुसूची-२ प्रश्नावली

# कार्यकारी सारांश

उद्योग क्षेत्र आर्थिक विकासको प्रमूख आधार स्तम्भको रुपमा रहेको हुन्छ ।तीव्र औद्योगीकरणले मुलुकको आर्थिक समुन्नतिमा सहयोग पुर्याउछ । नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योग धन्दा र स्रोत-साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिएको छ । वर्तमान पन्ध्रौं योजना अवधिमा औसत ९.६ प्रतिशतको वार्षिक आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ । यसका लागि उद्योग क्षेत्रमा १८.१ प्रतिशतको औसत वृद्धि हुने अनुमान गरिएको छ ।

राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष नेपाल सरकारबाट संचालित वा सम्पन्न भई सकेका राष्ट्रिय प्राथमिकता प्राप्त वा महत्वपूर्ण कार्यक्रम तथा छनौट भएका आयोजनाहरुको तेस्रो पक्ष तथा आन्तरिक मूल्याङ्कन गर्दै आएको सन्दर्भमा आयोगको मिति २०७७/०६/०६ (बैठक संख्या ८) को निर्णयानुसार आर्थिक वर्ष २०७७/ ७८ मा आन्तरिक मूल्याङ्कन गर्न छनौट भएका विभिन्न दशवटा आयोजना/कार्यक्रम मध्ये उदयपुर सिमेन्ट उद्योग लिमिटेड पनि एक हो ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको वर्तमान अवस्था, कार्य प्रगति, लागत, समस्या, चुनौती तथा अवसर पहिचान गरी सुझावहरु प्रस्तुत गर्नु यस आन्तरिक मूल्याङ्कनको उद्देश्य रहेको छ ।

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. १६ जाल्पा चिलाउने अन्तर्गत सिंदाली डांडामा करिव ७ करोड ३० लाख मे.टन चुनढुङ्गा डिपोजिट रहेको छ। उद्योगसंग रहेको उक्त चुनढुङ्गाको खानी देशमा रहेको अन्य चुनढुङ्गा खानी भन्दा राम्रो र गुणस्तरको रहेको छ । सिमेन्ट उत्पादनको मुख्य कच्चा पदार्थ उच्च गुणस्तरको रहेकोले त्यसबाट उत्पादित सिमेन्ट समेत गुणस्तरीय रहेको छ।

यस आन्तरिक मूल्याङ्कनको पहिलो चरणमा डेस्क अध्ययन गरिएको र यसमा उद्योगसंग सम्बन्धित नीति, विद्यमान कानुन, लेखापरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन तथा उद्योगबाट उपलब्ध भएका अन्य प्रतिवेदन तथा उपलब्ध भएसम्मका विवरणहरूको विश्लेषण गरिएको थियो । दोश्रो चरणमा आयोजनाको स्थलगत अवलोकन तथा निरीक्षण, उद्योगका कर्मचारीहरु र सम्बन्धित सरोकारवालासंग अन्तरक्रिया तथा संवाद, निजी क्षेत्र, जानिफकारहरूसंग छलफल, समूह केन्द्रित छलफल जस्ता विधिहरूको प्रयोग गरिएको थियो । यसरी अध्ययन गर्दा आयोजनाको सान्दर्भिकता, दक्षता, प्रभावकारीता, प्रभाव मूल्यांकन, दिगोपना, नतिजामूलक मूल्यांकन समेतको विश्लेषण गरिएको थियो ।

मूल्यांकनका क्रममा कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाका सम्बन्धमा देखिएका निष्कर्षहरु प्रतिवेदनमा समावेश गरिएको छ ।

उद्योगको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण गरि उद्योगमा गर्नु पर्ने सुधारहरु सुझाव खण्डमा उल्लेख गरिएको छ । यि सुझावहरु कार्यान्वयन हुन सकेमा उद्योगको अवस्थामा सकारात्मक प्रभाव पर्न गई लक्षित प्रगति हाँसिल भई नेपालको औद्योगिक विकासमा टेवा पुग्दछ भन्ने आसय यस आन्तरिक मूल्यांकनको प्रतिवेदनले राखेको छ ।

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमी

नेपालको समग्र विकासको लागि दीर्घकालीन सोच सहितको योजना तर्जुमा गर्ने, अध्ययन अनुसन्धानका आधारमा तथ्यपरक क्षेत्रगत नीति एवम् रणनीतिहरू तयार गरी विकासका कार्यक्रमलाई लक्षित दिशामा निर्देशित गर्न सघाउने, राष्ट्रिय गौरव, रुपान्तरणकारी आयोजना र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यमा आधारित पृष्ठपोषण उपलब्ध गराउने, विकास प्रकृयामा अनुभूत गरिएका वा सम्भावित समस्या एवम् व्यवधानको सहजीकरण गर्ने र नेपाल सरकारको विकास सल्लाहकारको भूमिका निर्वाह गर्नका लागि विशिष्टिकृत केन्द्रीय निकायको रूपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ।

राष्ट्रिय योजना आयोगले विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको निरीक्षण, अनुगमन एवम् मूल्याङ्कन गर्ने विषयलाई उच्च महत्व दिइ अनुगमन तथा मूल्याङ्कनका विधि एवम् प्रक्रियाको निर्धारण र अनुगमन सूचकहरू एवम् सूचनाका श्रोतहरूको विकास गर्ने कार्य गर्दै आएको छ । यसका अतिरिक्त आयोगबाटै योजना, कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, प्रगतिको समीक्षा गर्ने र यसबाट देखिएका विषयहरूलाई योजना तथा आयोजनाको तर्जुमाका क्रममा पृष्ठपोषणका रुपमा प्रयोग गर्दे आएको छ । अनुगमन एवम् मूल्याङ्कनलाई व्यवस्थित गर्न राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ कार्यान्वयनमा रहेको छ ।

## १.२ आन्तरिक मूल्यांकनको आवश्यकता

राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष नेपाल सरकारबाट संचालित वा सम्पन्न भई सकेका राष्ट्रिय प्राथमिकता प्राप्त वा महत्वपूर्ण कार्यक्रम तथा छनौट भएका आयोजनाहरुको तेस्रो पक्ष तथा आन्तरिक मूल्याङ्कन गर्दै आएको छ ।

यसै सन्दर्भमा आयोगको मिति २०७७/०६/०६ (बैठक संख्या ८) को निर्णयानुसार आर्थिक वर्ष २०७७/ ७८ मा आन्तरिक मूल्याङ्कन गर्न छनौट भएका विभिन्न दशवटा आयोजना/कार्यक्रम मध्ये उदयपुर सिमेन्ट उद्योग लिमिटेड पनि एक हो ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको वर्तमान अवस्था, कार्य प्रगति, लागत, समस्या, चुनौती तथा अवसर पहिचान गरी सुझावहरु प्रस्तुत गर्न आन्तरिक मूल्याङ्कनको आवश्यकता रहेको छ ।

## १.३ मूल्यांकनको उद्देश्य

### १.३.१. आन्तरिक मूल्याङ्कनको उद्देश्य

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको वर्तमान अवस्थाको अध्ययन गरी कार्यान्वयनमा देखिएका सवल तथा दुर्वल पक्षहरुको मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने आन्तरिक मूल्याङ्कनको प्रमुख उदेश्य रहेको छ ।

### १.३.२.आयोजना / कार्यक्रमको उद्देश्य

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको स्थापनाका उद्देश्य देहायअनुसार रहेका छन्ः

क. खानी तथा खनिजमा आधारित आधारभूत आयात प्रतिस्थापक तथा निर्यात मूलक सिमेन्ट उद्योगको स्थापना, संचालन, विकास तथा विस्तार गर्नु ।

ख. निर्माण सामग्री तथा अन्य विविध प्रयोगमा ल्याईने विभिन्न प्रकारका सिमेन्टको उत्पादन गर्नु, व्यापक बजार व्यवस्था गर्ने, राष्ट्रिय खाँचोको परिपूर्ति गरी आत्मनिर्भर बन्ने ।

ग. देशको औद्योगिक विकास, आर्थिक विकास तथा रोजगारी प्रदान गर्नेमा सक्दो सघाउ पुर्याउने ।

## १.४. मूल्याङ्कनको क्षेत्रः

उदयपुर सिमेन्ट कारखानाको आन्तरिक मूल्याङ्कनको लागि कार्यक्रमको कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपना जस्ता सूचकहरुमा स्तरीकरण गरी अध्ययन गरिएको छ ।

### १.४.१ कार्यसम्पादन

कार्यक्रमको कार्यसम्पादनको मूल्याङ्कन निम्न सूचकहरूको आधारमा गरिएको छ ।

- उद्योगमा लगानी गरिएका साधन स्रोतहरु योजना अनुसार प्रयोग भएका छन् की छैनन्?
- विगत पाँच वर्षमा लक्ष्य अनुसारका उपलब्धिहरु (भौतिक र वित्तीय) प्राप्त भएका छन् की छैनन् ?
- यी लक्ष्य तथा प्रतिफलहरु हासिल नभएका भए त्यसका कारणहरु के के हुन सक्छन ?
- आयोजना कार्यान्वयनका प्रमुख समस्या तथा चुनौती र समाधानका उपायहरु के के हुन सक्छन् ?

### १.४.२ सान्दर्भिकता

- उद्योग संचालन राष्ट्रिय नीति र प्राथमिकतासँग तादम्यता हुनेगरी भएको छ/ छैन?
- दिगो विकास लक्ष्य, राष्ट्रिय नीति तथा प्राथमिकतासंग मेल खान्छ /खादैन?

- उद्योग संचालनको सान्दर्भिकता कत्तिको रहेको छ ?

### १.४.३ प्रभावकारिता

- यस उद्योगले लिएको लक्ष्य तथा उद्देश्य हासिल भएको छ छैन ?
- उद्योगले आफ्नो लक्ष्य अनुरुप उत्पादन गर्न सकेको छ/छैन ?नसकेको भए त्यसका कारणहरू के के छन् ?
- उद्योगको प्रभावकारी संचालनमा योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्वहरु के के छन् ?

### १.४.४ कार्यदक्षता

- उद्योगको दैनिक उत्पादन क्षमता अनुसार उत्पादन भएको छ/छैन?
- उत्पादन लागत बढी भए के कसरी घटाउन सकिन्छ?
- उद्योगमा स्रोत विनियोजन र उपयोग सक्षमता कस्तो छ ?
- उद्योगमा विद्युत आपुर्ति र खपतको अवस्था कस्तो छ ? वैकल्पिक इन्धनको आवश्यकता र उपयोगको अवस्था कस्तो छ ?

### १.४.५ प्रभाव

- यस उद्योगको संचालनबाट यस क्षेत्रका बासिन्दाहरुको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा के कस्तो प्रभाव पारेको छ?
- रोजगारी तथा आय आर्जनमा के कस्तो प्रभाव पारेको छ?
- प्राकृतिक श्रोतहरुको सदुपयोगको अवस्था कस्तो छ?
- यस उद्योगका सम्बन्धमा सरोकारवालाहरुको सन्तुष्टि कस्तो छ?

### १.४.६ दिगोपना

- यस उद्योगलाइ पूर्ण क्षमतामा संचालन गर्न वा क्षमता अभिवृद्धि गरेर संचालन गर्न सकिन्छ/ सकिदैन?
- उद्योग संचालनका प्रमुख समस्या तथा चुनौती र समाधानका उपायहरु के के हुन सक्छन्?
- यस उद्योगको संचालनमा आर्थिक, सामाजिक तथा वातावरणीय दिगोपनाको अवस्था कस्तो छ?

## १.५. मूल्याङ्कन विधि

यस कार्यक्रमको मूल्याङ्कनको लागि प्राथमिक तथा द्वितीय दुवै किसिमका तथ्याङ्क तथा सूचना सङ्कलन गरी प्राप्त तथ्यांकलाई विश्लेषण गर्ने मूल्याङ्कन पद्धति अपनाईएको छ। प्राथमिक माध्यमबाट सूचना संकलनको लागि उद्योग तथा खानी क्षेत्रको स्थलगत भ्रमण, लक्षित समूह छलफल, जानीफकारसँगको अन्तर्वार्ता, स्थानीय तहका सरोकारवालासँगको छलफल, समूह केन्द्रित छलफल जस्ता विधिहरु अपनाईएको थियो भने द्धितीय तथ्यांक संकलनको लागि कार्यक्रमसँग सम्बन्धित उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय र सम्बन्धित उद्योगबाट प्राप्त दस्तावेज लगायतका कागजातहरु अध्ययन गरिएको थियो ।

संकलित सूचना तथा तथ्यांकलाई प्रश्नावली अनुसार प्राप्त उत्तर तथा विचारलाई सूचकहरुको आधारमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । मूल्यांकनको लागि देहायको विधि अपनाईएको छ ।

### १.५.१ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

प्राथमिक तथ्याङ्कको संकलन जानिफकारसंग अन्तरवार्ता, समूह केन्द्रित छलफल, स्थलगत भ्रमण तथा अवलोकन जस्ता आदि विधिबाट गरिएको छ ।

**क. जानिफकारसंग अन्तरवार्ता (Key Informants Interview, KII)**

जानिफकारसंग सूचना संकलन गर्न एक/एक वटा प्रश्नावली तयार पारि सो को आधारमा उद्योगको व्यवस्थापन पक्ष, विभागीय प्रमूखहरु (खानी क्षेत्र, उत्पादन, भण्डारण, बजारीकरण आदी ) ट्रेड युनियनका पदाधिकारीहरु, उद्योगमा कार्यरत कर्मचारी एवं श्रमिकहरुसँग अन्तरवार्ता गरी सूचना संकलन गरिएको थियो ।

**ख. सामूहिक छलफल (Focus Group Discussion- FGD)**

खानी क्षेत्र र उद्योग क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिहरु, स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि, निर्माण व्यवसायी, उदयपुर सिमेन्ट उद्योगको डिलरहरु, खानी र उद्योग क्षेत्रका स्थानीय बासिन्दाहरुको प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरु, उपभोक्तासँग सम्बन्धित संस्थाका प्रतिनिधीहरु र वातावरणीय क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरुसँग छलफल गरिएको थियो ।

उक्त छलफलमा खास गरी आयोजनाको कार्यसम्पादनको अवस्था, उत्पादनको गुणस्तर, यन्त्रहरुको मर्मत सम्भारको व्यवस्था, वातावरणीय प्रभाव र अन्य सम्बन्धित विषयहरुमा छलफल गरी सूचना संकलन गरिएको थियो ।

**ग. स्थलगत भ्रमण/ अवलोकन ( Field Observation)**

राष्ट्रिय योजना आयोग र सरोकारवालाको समूहले उदयपुर सिमेन्ट लिमिटेडको स्थलगत भ्रमण गरी आयोजना कार्यान्वयन स्थलहरुको प्रत्यक्ष अवलोकनका साथै उद्योग तथा सम्बद्ध निकायसँग आवश्यक छलफल तथा सन्दर्भ सामाग्रीको संकलन गरिएको थियो ।

### १.५.२ द्वितीय तथ्याङ्क सङ्कलन विधिः

उदयपुर सिमेन्ट लिमिटेडसँग सम्बन्धित दस्तावेजहरु जस्तैः लेखा परीक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम र बजेट चौमासिक प्रगति प्रतिवेदन, कार्यक्रमस्तरमा भएका अनुगमन र मूल्याङ्कन प्रतिवेदन, मन्त्रालय तथा विभागबाट भए/ गरेका अनुगमन र मूल्याङ्कन र अन्य संघ संस्थाबाट भए गरेका अध्ययन प्रतिवेदन आदिबाट मूल्याङ्कनका लागि आवश्यक प्राथमिक र द्वितीय तथ्याङ्क संकलन गरिएको थियो ।

## १.६. मूल्याङ्कनको सीमाः

राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ ले विभिन्न विधि प्रक्रियाहरुको माध्यमबाट आन्तरिक मूल्याङ्कन गरी सो बाट प्राप्त हुने निष्कर्ष तथा सुझावलाई स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था समेत गरेको छ । हालको कोभिड १९ को प्रभाव तथा बजेटको सिमितताका कारण यस मूल्याङ्कनमा विशेषगरी आयोजनाको प्रगति समीक्षा तथा चुनौतीहरु र समाधानका उपायहरुको सिफारिस गरिएको छ ।

# परिच्छेद २

# उदयपुर सिमेन्ट उद्योग लिमिटेडको परिचय

## २.१. उद्योगको परिचय

गुणस्तरिय सिमेन्टको उत्पादन गरी देश भित्रका विभिन्न निर्माण कार्यमा गुणस्तरिय सिमेन्ट यथेष्ठ मात्रामा उपलब्ध गराउनुका साथै स्थानिय प्राकृतिक श्रोतहरुको अत्यूत्तम उपयोग, श्रम विकास तथा नयाँ रोजगारका अवसरहरुको श्रृजना तथा आयात प्रतिस्थापनबाट देशको अमूल्य विदेशी मुद्राको भण्डारणलाई अक्षुण्ण राख्ने उद्देश्यले आधारभूत उद्योगको रुपमा कम्पनी ऐन, २०२१ बमोजिम २०४४ साल जेष्ठ ३१ गते उदयपुर सिमेन्ट उद्योग लि.को स्थापना भएको हो। यस उद्योगमा जापान सरकारको ओ.ई.सि.एफ. जापानको जापानी येन १८ अरब ७७ करोड ऋण सहयोग (पछि अनुदानमा परिणत) तथा नेपाल सरकारको ४४ करोड ३७ लाख ५१ हजार शेयर लगानी रहेको छ । उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. ६ जलजले स्थित कारखाना स्थल देखि करिव २७ कि.मि. उत्तर त्रियुगा नगरपालिका कै वडा नं. १६ जाल्पा चिलाउने अन्तरगत सिंदाली डाँडामा करिव ७ करोड ३० लाख मे. टन सिमेण्ट उत्पादनको लागि चाहिने मुख्य कच्चा पदार्थ उच्चकोटीको चुनढुङ्गां डिपोजिट रहेको छ। यस उद्योगबाट उच्चकोटीको चुनढुङ्गा तथा अत्याधुनिक जापानी प्रविधिबाट सिमेन्ट उत्पादन हुने भएकोले यसको उत्पादन गैडा सिमेण्ट दक्षिण एशिया मै उत्कृष्ट उत्पादनको वर्गमा पर्दछ । २०४९ सालमा उत्पादन शुरु भए देखि नै सिमेण्ट बजारमा ग्राहकको पहिलो रोजाईको रुपमा “गैडा” सिमेण्ट रहेको छ ।

नेपाल सरकार र जापान सरकार बीच जुलाई १४, १९८७ तदनुसार आषाढ ३०, २०४४ सालमा अत्याधुनिक जापानी प्रविधियुक्त सिमेण्ट कारखाना स्थापनाको लागि जापानले जापानी येन १८,७७ करोड ऋण उपलब्ध गराउने सम्झौता भई सोही प्रयोजनका लागि नेपाल सरकार र उदयपुर सिमेण्ट उद्योग लि. बीच मिति नोभेम्बर १८, १९८७ तदनुसार मार्ग २, २०४४ मा सहायक ऋण सम्भौता भई २०४६ साल देखि निर्माणकार्य आरम्भ गरी जापानी ठेकेदार, प्राविधिक एवं वित्तीय सहायताको सहयोगमा २०४९ साल मंसिरमा निर्माण कार्य (रोपवे बाहेक) पुरा भए पश्चात् परिक्षण उत्पादन तथा २०४९ साल माघ देखि व्यवसायिक उत्पादन शुरु गरेको हो ।

## २.२. उद्योगको अवस्थिति र विद्यमान संरचना

### २.२.१ अवस्थिति

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको कारखाना त्रियूगा नगरपालिका-६, जलजले उदयपुरमा अवस्थित छ । यो गाईघाटबाट करीव ७ कि.मी. पश्चिममा रहेको छ जुन उदयपुरको जिल्ला प्रशासनिक कार्यालय र महेन्द्र राजमार्गबाट २२ किलोमिटर उत्तरमा रहेको छ।

### २.२.२ संरचनाहरु

**रोपवे (Ropeway)**

उदयपुर जिल्लाको सिन्धली पहाडमा उपलब्ध चुनढुंगालाई कारखाना सम्म ल्याउन १३.८ किलोमिटर लामो रोपवेको निर्माण गरिएको छ । चुनढुङ्गा खानीलाई ड्रिल गरी ब्लास्ट गरिन्छ र प्रमूख कच्चा पदार्थको रुपमा रहेको चुनढुङ्गा ट्रक मार्फत खानी क्षेत्रमा रहेको प्राथमिक क्रसरमा लगिन्छ, प्राथमिक क्रसरमा चुनढुङ्गालाई १०० मि मि भन्दा कम आकारमा टुक्राइ रोपवेमार्फत जलजले स्थित कारखाना क्षेत्रमा ढुवानी गरिन्छ ।

**चुनढुङ्गा हपर (Limestone Feed Hopper)**

उक्त चुनढुङ्गालाई दोस्रो क्रसरमा राखी २५ मि मी आकारमा टुक्रयाइ चुनढुंगा फिड होपरमा पुऱ्याइन्छ । अन्य फिड होपरहरूमा क्रमशः Irone ore, रातोमाटो र सिलिका बालुवा (silica sand) राखिन्छ ।

**कच्चा मिल (Raw Mill)**

चुनढुङ्गा, रातोमाटो, सिलिका बालुवा (silica sand) र Irone ore लाई निर्धारित अनुपातमा कच्चा मिलमा पठाइन्छ जहाँ यि सबै कच्चा पदार्थ मिश्रण गरी प्रिहिटर टावरको माध्यमबाट रोटरी भट्टिमा पुऱ्याइन्छ ।

**क्लिंकरिङ्ग**

जब १५०० ओ सीको टेम्प्रेचरमा प्रिहिटेड कच्चा पदार्थ जलाइन्छ त्यसबाट क्लिंकर उत्पादन हुन्छ, यसकालागी इन्धनको रुपमा कोइला वा फर्नेस तेलको प्रयोग गरिन्छ ।

यसरी बनेको क्लिंकरलाई ग्रेट कूलरमा लगभग १०० डिग्री से. मा शीतल बनाइन्छ र बकेट एलिभेटरले क्लिंकर भण्डारण साइलोमा पठाउँछ।

**प्याकिंग प्लान्ट**

क्लिंकर र जिप्समको आवश्यक मात्रा संमिश्रण गरी सिमेन्ट उत्पादन गरिन्छ र उत्पादित सिमेन्ट सिमेन्ट भण्डारण साइलोमा संकलन हुन्छ । त्यस पछि सिमेन्टलाई प्याकिंग प्लान्टमा पठाइन्छ र जूट वा पोलीथिलीन झोलामा प्याकिंग गरि बिक्री वितरण को लागी बजारमा पठाइन्छ ।

**प्रयोगशाला**

उद्योगमा X-ray analyser, Comperssive test machine लगायतका अन्य उपकरण सहितको प्रयोगशाला रहेको छ । उत्पादनको चरणमा नियमित गुणस्तर जाच गरी उत्पादित सिमेन्टको गुणस्तरको सुनिश्चितता गरिन्छ

## २.३. उत्पादन क्षमता

उद्योगको क्लिंकर तथा सिमेण्ट उत्पादन क्षमता र उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ तथा उर्जा निम्नानुसार रहेको देखिन्छ ।

| | |
|---|---|
| **क्लिंकर उत्पादन क्षमता** | |
| दैनिक : | ८०० मे.टन |
| वार्षिक : | २६४००० मे.टन |
| **सिमेण्ट उत्पादन क्षमता** | |
| दैनिक : | १६८०० बोरा |
| वार्षिक : | २७७२०० मे.टन (५५४४००० बोरा) |
| **कच्चा पदार्थ उपयोग (वार्षिक)** | |
| चुन ढुङ्गा : | ३३०००० मे.टन |
| रातोमाटो : | ५७००० - ८२५०० मे.टन |
| जिप्सम : | १०५०० मे.टन |
| Silica Sand : | २१००० मे.टन |
| IronOre : | ४००० मे.टन |
| **उर्जा उपयोग** | कोइला : ५०००० मे.टन, फर्निस आयल : १२००० किलो लिटर<br>बिद्युत : ८००० कि.वा.<br>पानी : १५०० घन.मि. (प्रतिदिन) |

*स्रोत: उदयपुर सिमेन्ट उद्योग लिमिटेड*

## २.४ पूँजीगत संरचना

नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस उद्योगको पूँजीगत संरचना,शेयर संरचना र ऋणको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

| पूँजीगत संरचना | |
|---|---|
| (क) अधिकृत पूँजिः | ४ अर्ब |
| (ख) जारी पूँजिः | ३ अर्ब ६४ करोड ८१ लाख |
| (ग) चुक्ता पूँजिः | ३ अर्ब ६४ करोड ८१ लख |
| **शेयर संरचना** | |
| साधारण शेयरः | ४४ करोड ३८ लाख |
| अग्राधिकार शेयरः | ३ अर्ब २० करोड ४३ लाख |
| **नेपाल सरकारको ऋण** | |
| OECF Japan मार्फत जापानी यान १८,७७ करोड शुरुमा ऋण (पछि अनुदानमा परिणत) प्राप्त भएकोमा नेपाल सरकारको २०५७।०५।१५को निर्णयानुसार निम्न अनुसार पूँजीकरण भएको । | |
| अग्राधिकार शेयरः | ३ अर्ब २० करोड ४३ लाख |
| नेपाल सरकारको (५ % व्याजमा) ऋणः | २ अर्ब ५५ करोड ६२ लाख |

*स्रोतः उदयपुर सिमेन्ट उद्योग लिमिटेड*

## २.५ जनशक्ति

यस उद्योग संचालनका लागि महाप्रबन्धक देखी सहयोगी स्तर सम्म ६१३ जना कर्मचारीको दरबन्दी रहेको मा हाल विभिन्न स्तरका ३३९ कर्मचारीहरु कार्यरत रहेका र २५० दरबन्दी रिक्त रहेको छ ।

## २.६ उद्योगको बिगत ५ वर्षको वित्तिय अवस्था

| सि.नं | विवरण | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|---|---|---|
| १ | बिक्रि | ९६८२३३२६० | १४०८१०९३५० | १८४१४४६३८० | १६५५२१३८१० | १०९०५९३०५० |
| २ | प्रत्यक्ष खर्च | (८६३८३५६५६) | (१०७२०३२६६९) | (१२९७४८७६४५) | (१३२६६१९३५८) | (१०६३८९५४४०) |
| ३ | कुल नाफा | १०४३९७६५६ | ३३६०७६६८१ | ५४३९५८७३५ | ३२८५९४४५२ | २६६९७६१० |
| ४ | कुल नाफा % | १०.७८ | २३.८७ | २९.५४ | १९.८५ | २.४५ |
| ५ | अन्य आय | ३५५७६८७३ | ६१२६८३६५ | ३१८७१२१५ | २९१०३१४८ | २१८६१३७३ |
| ६ | अप्रत्यक्ष खर्च | (४१४०१३८३१) | (३८४२७१३०३) | (४७१६४७३१३) | (५५३९९४८६९) | (३८२१८४२३२) |
| ७ | खुद नाफा/नोक्सान | (२७४०३९३५५) | १३०७३७४३ | १०४१८२६३६ | (१९६२९७२७०) | (३३३६२५२४९) |

*स्रोतः उदयपुर सिमेन्ट उद्योग लिमिटेड*

## २.७ उदयपुर सिमेण्टको महत्व र सम्भावना

### उच्चकोटीको पर्याप्त चुनढुङ्गा

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. १६ जाल्पा चिलाउने अन्तर्गत सिंदाली डांडामा करिव ७ करोड ३० लाख मे.टन चुनढुङ्गा डिपोजिट रहेको छ । उद्योगसंग रहेको उक्त चुनढुङ्गाको खानी देशमा रहेको अन्य चुनढुङ्गा खानी भन्दा राम्रो र गुणस्तरीय (Calcium Oxide CaO- 52 प्रतिशत, Magnesium Oxide – Less than 2 प्रतिशत) रहेको छ ।यसरी सिमेन्ट उत्पादनको मुख्य कच्चा पदार्थ उच्च गुणस्तरको रहेकोले त्यसबाट उत्पादित सिमेन्ट समेत गुणस्तरीय रहेको छ।

### जापानी प्रविधि

जापान सरकारले Turn Key Basis मा निर्माण गरी हस्तान्तरण गरेको जापानी उच्च प्रविधि PLC System (Programme Logical Control System) मा निर्मित उद्योग रहेकोले स्वचालित रुपमा उद्योग संचालन हुँदै आएको छ। सिमेन्ट तथा अन्य कच्चा पदार्थ र अर्ध तयारी पदार्थहरुको गुणस्तर परिक्षणको लागि उद्योगमा X-ray analyser, Comperssive test machine लगायतका विभिन्न अत्याधुनिक उपकरण सहितको प्रयोगशालाको व्यवस्था गरिएको छ।

### उच्चकोटीको सिमेण्ट

यस उद्योगबाट उच्चकोटीको चुनढुङ्गा तथा अत्याधुनिक जापानी प्रविधिबाट सिमेन्ट उत्पादन हुने भएकोले यसको उत्पादन गैडा सिमेण्ट दक्षिण एशिया मै उत्कृष्ट उत्पादनको वर्गमा पर्दछ । २०४९ सालमा उत्पादन शुरु भए देखि नै सिमेण्ट बजारमा ग्राहकको पहिलो रोजाईको रुपमा “गैडा” सिमेन्ट रहेको छ ।

### स्वदेशी कच्चा पदार्थ

सिमेण्ट उद्योगको मुख्य उत्पादन क्लिंकरको लागि आवश्यक ९९ प्रतिशत कच्चा पदार्थ (चुनढुङ्गा, रातो माटो, बालुवा) स्थानीय स्तरमा नै उपलब्ध छ ।

### मूल्यमा नियन्त्रण र प्रचुर वजारको सम्भावना

उदयपुर सिमेन्ट उद्योग नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको सिमेन्ट उद्योग भएकोले यसको मूल्य निर्धारण पनि सरकारको नियन्त्रणमा रहेको छ । जसको कारण निजी सिमेन्ट उद्योगले मनोमानी रुपमा सिमेन्टको मूल्य निर्धारण गर्न नसक्दा बजारमा सिमेन्टको मूल्यमा नियन्त्रण रहेको छ। विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ महामारीको समयमा समेत यस उद्योगले सिमेन्ट बिक्री वितरणलाइ चालु राखेको कारण निजी स्तरबाट सिमेन्टको मूल्यमा अप्रत्यासित वृद्धि हुन

पाएन। यसै गरी उच्च गुणस्तरको सिमेन्टको बारेमा जनचेतनामा वृद्धि समेत भएकोले देश भित्रको बजारमा यस वर्ष यसको माग अत्याधिक रहेको छ । आगामी दिनमा समेत पुर्वाधार विकासमा वृद्धि र गुणस्तरिय सिमेन्ट प्रयोगमा जनचेतनाको वृद्धि भएको कारणले सिमेण्टको वजार अत्याधिक रहने अवस्था छ ।

**रोजगारीको सिर्जना**

हाल उद्योगमा ३५० जना स्थायी कर्मचारीहरु, सुरक्षा तथा विभिन्न पटके कामको लागि करिव १०० जना गरी करिव ४५० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने अप्रत्यक्ष रुपमा डिलर, ट्रान्सर्पोट व्यवसायी, ट्रक व्यवसायी, होटल व्यवसायी, सिमेन्ट व्यापारी आदीले हजारौंको संख्यामा रोजगारी पाएका छन् ।

**वातावरण मैत्री उत्पादन**

उद्योगमा धुलो नियन्त्रणका निम्ति अत्याधुनिक मेशिनहरु जस्तैः Electrostatic Presipitater (EP), Bagfilter, Gravel bed filter हरु जडान गरिएका छन् । जसले गर्दा उत्पादन कार्य वातावरण मैत्री रहेको छ।

**विकासको पूर्वाधार**

यस उद्योगद्वारा उत्पादित सिमेन्ट उच्च गुणस्तरको भएकाले निर्माण कार्य र Mega Project हरु जस्तै विद्युत आयोजना, सडक, पुल, Housing, उद्योग धन्दा निर्माण हुने हुदाँ देश विकासको लागि मेरुदण्डको रुपमा रहेको छ ।

**स्थानिय विकाशमा योगदान**

उद्योगले स्थानिय स्तरमा आवश्यक बाटो, खानेपानी, नाला, पुल पुलेसा, स्कुल भवन, अस्पताल, मठ मन्दीर आदी निर्माण कार्यका लागि समय समयमा नगद तथा सिमेन्ट अनुदान उपलब्ध गराउदै आएकोले स्थानिय विकासमा महत्वपूर्ण योगदान गरेको छ । यसैगरी लोडर, डोजर, रोलर, क्रेन, दमकल, एम्बुलेन्स आदी मेशिन उपकरण तथा सवारी साधनहरु समेत स्थानिय विकासको लागि उपलब्ध गराई हालसम्म करिव २०० कि.मी बाटो, बाढी नियन्त्रण, दैवि प्रकोप नियन्त्रण र स्वास्थ्य सेवा समेत उपलब्ध गराएको छ ।

**शैक्षिक क्षेत्रमा योगदान**

उदयपुर जिल्लाकै गुठिद्धारा संचालित उत्कृष्ट उदयसी उच्च माध्यमिक विद्यालय र विकट सुकौरा क्षेत्रको मल्वेरी माध्यमिक विद्यालय उद्योगको प्रत्यक्ष आर्थिक तथा व्यवस्थापकिय संरक्षणमा संचालित छन्। वि.सं २०५२ मा स्थापित उदयसी उच्च माध्यमिक विद्यालयले हाल सम्म करिव ७०० विद्यार्थिहरुलाई एस एल सी परीक्षा उर्तिण गराई सकेको छ। यस विद्यालयबाट उतिर्ण विद्यार्थिहरु हाल देशका विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान गरिरहेका छन् भने कक्षा ११ र १२ को परीक्षाफल पनि जिल्लामै उत्कृष्ट रहेको छ ।

**सरकारी राजश्वमा योगदान**

वार्षिक रुपमा उद्योगले विक्री गर्ने सिमेन्टवाट मु.अ.कर (भ्याट), अन्तः शुल्क तथा अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष कर वाट राजश्वमा योगदान गर्नुको साथै उद्योग निर्माणको समयमा प्राप्त ऋणको साँवा व्याज आय, भन्सार महशुल, लाभांश तथा व्याज जस्ता कर र गैरकर राजस्व भुक्तानीवाट समेत सरकारी राजश्वमा योगदान पुर्याएकोले यसको महत्व छ ।

# परिच्छेद ३

# नेपालमा औद्योगिकिकरण

## ३.१. पृष्ठभूमी

### नेपालमा औद्योगिक विकास

नेपालमा लिच्छवीकालदेखि नै घरबुना कपडा, हाते कागज, बाँसबाट बनेका वस्तुहरू, धातुबाट उत्पादित वस्तुहरू, छालाका जुत्ता, काठ तथा ढुंगा कुँद्रे कलाहरूजस्ता घरेलु उद्योगको विकास भएको थियो । पृथ्वीनारायण शाहको समयकालमा नेपालमा फलाम उद्योग, मुद्रा टुकामारीलगायतका उद्योगको विस्तार भए । तथापी ठुला उद्योगहरु स्थापना र सञ्चालनको इतिहास भने लामो छैन । औपचारिक रुपमा चन्द्रशमशेरको शासनकालमा वि.स. १८८२ मा तत्कालीन सरकारबाट उद्योग परिषद्को स्थापना भएको पाइन्छ ।

चन्द्रशमशेर पछि जुद्धशमशेरको शासनकाल (वि.सं. १९८९—२००२) मा उद्योग स्थापनाको लागि पहिलो पटक “कम्पनी कानुन १९९३” जारी भएको र “घरेलु इलम प्रचार अड्डा” स्थापना भएको देखिन्छ । नेपालमा पहिलो उद्योगको रुपमा वि.सं. १९९३ मा विराटनगर जुट मिलको स्थापना र वि.सं. १९९४ कात्तिक ३० गते नेपाल बैंक लिमिटेड स्थापना भएको पाइन्छ जसलाई मुलूकको औद्योगिकिकरको आधारशिला मान्न सकिन्छ । वि.सं. २००३ मा मोरङ सुगरमिलको स्थापना सँगै वि.सं. २००७ सालसम्म लगभग ६५ वटा कम्पनी स्थापना भएको पाइन्छ ।

२००७ सालको क्रान्ति र राजनीतिक परिवर्तनले गर्दा केही समय उद्योगको विकास मत्थर हुदा पहिला स्थापना भएका कतिपय उद्योग बन्द भए । राजनीतिक परिवर्तनपछि ३० वटा उद्योग मात्र राम्रोसँग चलेको पाइन्छ ।

वि.सं. २००४ देखि २०१७ सालसम्म मुलुकको औद्योगिक विकासक्रम कछुवा गतिमै रह्यो । वि.सं. २०२० को दशकमा विश्वव्यापी अर्थतन्त्रमा केही नयाँ चरण देखा पर्यो । यसै अनुसार नेपालमा पनि चीन, सोभियत संघसहितका राष्ट्रहरूको सहयोगमा सार्वजनिक संस्थानहरू खुले ।

सार्वजनिक संस्थान स्थापनाको सुरुवात हुनुमा मुख्यत ३ उद्देश्य थिए । पहिलो— राज्यबाट जनतालाई सुविधा दिने, दोस्रो— निजी क्षेत्रको लगानी नभएको वा लगानी गर्न नचाहने ठाउँमा सेवा दिने र तेस्रो दुर्गम क्षेत्रमा वितरण प्रणालीलाई राम्रो बनाउन र आकस्मिक/तत्काल सेवा उपलब्ध गराउने उदेश्यले सार्वजनिक संस्थानको सुरुवात भएको थियो ।

२०४६ सालअघिसम्म कुल सार्वजनिक संस्थान ६४ वटा पुगेका थिए, त्यसमध्ये ४० वटा औद्योगिक क्षेत्रअन्तर्गत थिए । मुलुकको आद्योगिक क्षेत्रको विकास यहाँसम्म आईपुग्नुमा सार्वजनिक संस्थान अन्तर्गतका विभिन्न सेवा र उद्योगले महत्वपूर्ण भूमिका र आधार तयार गरेका थिए ।

## ३.२.नेपालमा सरकारी स्वामित्वमा स्थापित सिमेन्ट उद्योग

सिमेन्ट आधुनिक विकासमा सबैभन्दा धेरै प्रयोग हुने सामग्रीहरू मध्ये एक हो। पूर्वाधार विकास र द्रुत शहरीकरणले विश्वभरि द्रुत रुपमा वृद्धि भइरहेको उद्योग मध्ये सिमेन्ट उद्योग पनि एक हो । सिमेन्ट बनाउन चूना पत्थर, फलाम, रातो माटो र बालुवाको मिश्रणलाई तताएर क्लिंकर बनाइन्छ र जिप्सम थपिन्छ। विश्वमा आधुनिक सिमेन्टको आविष्कार र उत्पादन सन् १८५५ मा युनाइटेड किंगडमबाट शुरू भएको मानिन्छ ।

मुलुकमा सिमेन्ट उत्पादनको इतिहास लामो छैन । सिमेन्टको प्रयोग हुनु अघि सम्म घर निर्माणमा पनि सुर्की, चुनाको प्रयोग हुन्थ्यो । चार दशकअघि सरकारी लगानीमा हिमाल सिमेन्ट उद्योग सञ्चालनमा आए पश्चात बल्ल सिमेन्टको प्रयोग बढेको हो । साठीको दशकमै थोरबहुत सिमेन्टको प्रयोग हुन्थ्यो । भारत, चीन, थाइल्यान्ड, कोरियाबाट सिमेन्ट आयात हुन्थ्यो । यस्तो सिमेन्टमा कमैको पहुँच थियो । विश्वमा सन् १८२५ मा सिमेन्ट उत्पादन सुरु भएको थियो ।

नेपालमा निर्माण सामग्रीको रूपमा सिमेन्टको प्रयोग सन् १९५० देखि शुरु भएको हो । त्यतिबेला भारत, चीन, थाइल्यान्ड, कोरियाबाट सिमेन्ट आयात हुन्थ्यो, यस्तो सिमेन्टमा कमैको पहुँच थियो । सन् १९७० मा पहिलो पटक सरकारी स्वामित्वको सिमेन्ट उद्योगको रुपमा हिमाल सिमेन्ट कारखानाको स्थापना भए पश्चात् सिमेन्टको प्रयोग बढेको हो । यो कारखाना काठमाण्डौको कीर्तिपुर स्थित चोभारमा अवस्थित थियो जुन परियोजना मूल रूपमा जर्मनीको आर्थिक सहयोगमा निर्माण गरिएको थियो । प्राविधिक समस्याहरूको कारण सो उद्योग सन १९९० मा बन्द भएकोमा फोहोर र वायु प्रदूषणको बारेमा स्थानीयहरूले ठूलो विरोध गरेपछि सन् २००२ बाट पूर्ण रुपमा बन्द भयो ।

वि.सं. २०३३ आश्विन १३ मा कम्पनी कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ साल आश्विन १३ गते हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको स्थापना भएको हो। यो नेपाल सरकारको पूर्ण स्वामित्व भएको उद्योग हो ।जुन उद्योग मकवानपुर जिल्लाको हेटौडा स्थित लामासुरेमा अवस्थित छ र यस उद्योगको वार्षिक सिमेन्ट उत्पादन उत्पादन क्षमता २६०००० मे. टन रहेको छ ।

नेपाल सरकार र जापान सरकार बीच जुलाई १४, १९८७ तदनुसार आषाढ ३०, २०४४ सालमा अत्याधुनिक जापानी प्रविधियुक्त सिमेन्ट कारखाना स्थापनाको लागि जापानले जापानी येन १८,७७

करोड ऋण उपलब्ध गराउने सम्झौता भएको र सोही प्रयोजनका लागि नेपाल सरकार र उदयपुर सिमेण्ट उद्योग लि. बीच मिति नोभेम्बर १८,१९८७ तदनुसार मार्ग २,२०४४ मा सहायक ऋण सम्भौता भई २०४६ साल देखि निर्माणकार्य आरम्भ गरी जापानी ठेकेदार, प्राविधिक एवं वित्तीय सहायताको सहयोगमा २०४९ साल मंसिरमा निर्माण कार्य (रोपवे बाहेक) पुरा भए पश्चात परिक्षण उत्पादन तथा २०४९ साल माघ देखि व्यवसायिक उत्पादन शुरु गरेको हो ।

## ३.३ पन्ध्रौं योजनामा उद्योग क्षेत्र

उद्योग क्षेत्र आर्थिक विकासको प्रमूख आधार स्तम्भको रुपमा रहेको हुन्छ ।तीव्र औद्योगीकरणले मुलुकको आर्थीक समुन्नतिमा सहयोग पुर्याउदछ । नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योग धन्दा र स्रोत-साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिएको छ ।

औद्योगिक नीतिले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुयाउने लक्ष्य लिएको छ । यसै परिप्रेक्ष्यमा पन्ध्रौ योजनामा उद्योग क्षेत्रको लागी **आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास** भन्ने सोच राखिएको छ भने **औद्योगिक उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने र उद्योगको उत्पादन एवम् प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्ने** लगायत उद्देश्य राखिएको छ ।

रणनीति २ को १ नं. कार्यनीतिमा **सिमेन्ट, चिनी, फुटवेयर, औषधी, जुस, डेरी, चिया, पशिमना हस्तकला लगायतका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन र पूर्वाधार निर्माणमा सहयोग र सहजीकरण गरिने** एवं रणनीति ६ को १ नं. कार्यनीतिमा **औद्योगिक क्षमता अभिवृद्धि गर्न उद्योगमा नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ** भनी उल्लेख भएको छ ।

आ. व. २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ५.६ प्रतिशत रहेकोमा पन्ध्रौ योजनाले कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ६.५ प्रतिशत पुग्ने अपेक्षा राखेको छ ।

### ३.४ उद्योग क्षेत्र सँग सम्बन्धित अन्य नीतिगत व्यवस्था

- संविधानको धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत अर्थ, उद्योग र वाणिज्य सम्बन्धि नीतिहरुमा राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने नीति लिइने उल्लेख गरिएको छ ।
- औद्योगिक नीति, २०६७ ले स्वदेशी चुनढुंङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योगलाई प्राथमिकता प्राप्त उद्योगमा राखेको छ ।
- औद्योगिक व्यवसाय ऐन, २०७६ ले समेत स्वदेशी चुनढुंङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योगलाई प्राथमिकता प्राप्त उद्योगमा राखेको छ र यस्ता उद्योगहरुलाई विभिन्न छुटहरुको व्यवस्था गरेको पाइन्छ ।

# परिच्छेद ४

## उदयपुर सिमेन्ट उद्योग लिमिटेडको आन्तरिक मूल्याङ्कन

राष्ट्रिय योजना आयोगको मिति २०७७/०६/०६ (बैठक संख्या ८) को निर्णयानुसार आर्थिक वर्ष २०७७/ ७८ मा आन्तरिक मूल्याङ्कन गर्न छनौट भएका आयोजना/कार्यक्रम मध्ये उदयपुर सिमेन्ट उद्योग लिमिटेड पनि एक हो ।

आन्तरिक मूल्याङ्कन गर्ने सन्दर्भमा आयोगका माननिय सदस्य श्री राम कुमार फुयालको नेतृत्वमा मूल्याङ्कन टोली गठन भएको र टोलीले स्थलगत भ्रमणमा जानु अघि तिनवटा बैठक बसी आन्तरिक मूल्याङ्कनको कार्यक्षेत्रगत शर्त, प्रश्नावली तथा स्थलगत भ्रमणको कार्यतालिका निर्धारण गरेको थियो । (आन्तरिक मूल्याङ्कन टोलीका सदस्यहरु, प्रश्नावली तथा स्थलगत भ्रमणको कार्यतालिका अनुसूची २ मा रहेका छन् । )

खानी क्षेत्र र उद्योग क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिहरु, स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि, निर्माण व्यवसायी, उदयपुर सिमेन्ट उद्योगको डिलरहरु, खानी र उद्योग क्षेत्रका स्थानीय बासिन्दाहरुको प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरु, उपभोक्तासँग सम्बन्धित संस्थाका प्रतिनिधिहरुसँग माननिय सदस्यको उपस्थितिमा अन्तर्क्रिया तथा छलफल गरिएको थियो भने उद्योगको व्यवस्थापन पक्ष, विभागीय प्रमूखहरु (खानी क्षेत्र, उत्पादन, भण्डारण, बजारीकरण आदी ) र ट्रेड युनियनका पदाधिकारीहरु, उद्योगमा कार्यरत कर्मचारी एवं श्रमिकहरुसँग सामुहिक रुपमा तथा फरक फरक समूहमा अन्तर्क्रिया तथा छलफल गरिएको थियो ।

### ४.१. छलफल तथा अन्तर्क्रियामा उठेका विषयहरु

**विभागीय प्रमूखहरुसँग गरिएको छलफलमा उठेका विषयहरु :-**

- उद्योग विगत २८ वर्ष देखी संचालनमा रहेको र जडान भएका मेसिन तथा उपकरणहरु निकै पुराना भइसकेका छन् । दैनिक ८०० मे. टन क्षमता भए पनि वार्षिक करिब ४० प्रतिशत वार्षिक क्षमतामा संचालन भइरहेको अवस्था छ । हालको सबैभन्दा ठुलो समस्या प्लाण्टलाई दैनिक ८०० टन क्लिंकर उत्पादन क्षमतामा संचालन गर्नु र मर्मत संभार लगायतका उद्योग break-down हुने दिनहरुमा कमी ल्याई प्लाण्ट संचालन दिनमा वृद्धि गर्नु हो । ८०० मे. टन दैनिक क्षमतामा संचालन निरन्तरताका लागि केहि मेसिन उपकरणहरु खरिद गर्नु पर्ने तथा केहि मर्मत गर्नु पर्ने देखिन्छ । ८०० मे. टन क्षमतामा किल्न संचालन तथा उपकरण खरिद गर्न अनुमानित रु २० करोड खर्च हुने देखिन्छ ।

१) किल्न सेल
२) जि.वि.एफ
३) स्टेकर,रिक्लेमर तथा वेइङ्ग फिडर
४) कोल मिल,र मील तथा अन्य मर्मत संभार
५)कम्प्रेसर सहित ड्रिल मेसिन सेट
६) अफरोड डम्पट्रक (२ थान)

- नयाँ प्रविधिका आर.एस.पि. जडान भएमा यसै किल्नवाट दैनिक उत्पादन क्षमता ११०० मे. टनसम्म पुग्ने देखिन्छ । उक्त क्षमताका लागी केहि परिमाणमा कोल मील,कुलर, जि.वि.एफ लगायतका अन्य सम्बन्धित उपकरणहरु परिमार्जन जडान गरि हासिल गर्न सकिन्छ । हालको मेसिन उपकरणहरुको अवस्था तथा उत्पादन क्षमता अनुसार संचालन खर्च महङ्गो देखिएकोले नयाँ प्रविधिको आर. एस. पि.जडान तथा अन्य मर्मत संभार र मेसिन/उपकरण जडानका साथै कम्प्रेसर सहितको ड्रिल मेसिन र अफरोड डम्प ट्रक लगायतको व्यवस्था गरि दैनिक लगभग ११०० मे.टन क्षमतामा उद्योग संचालन गर्न सकिन्छ ।
- हालकै सिमेण्ट प्लान्टमा जडित मेसिन / उपकरणहरुलाई परिमार्जन गर्दै २१२ करोडको लागतमा १८०० मे.टन दैनिक उत्पादन क्षमताको प्लाण्ट बनाउने प्रस्ताव सहितको प्रतिवेदन उद्योग मन्त्रालयमा समेत पठाइएको छ ।
- प्रस्तावित प्रतिवेदनको सन्दर्भमा समय सापेक्ष तथा लागत मध्यनजर गर्दा नयाँ सिमेन्ट प्लान्ट जडानका लागि उद्योग हाता भित्रै हालको जडित मेसिन उपकरणहरुको पुर्वतर्फ एक लाईन पर्याप्त मात्रामा पूर्व नियोजित तरिकाले स्थान छोडिएको हुँदा भविष्यमा २५०० देखि ५000 मे.टन. दैनिक क्षमताका अत्याधुनिक प्रविधिका सिमेन्ट प्लान्ट जडान गरी हालकै fixed cost अन्तर्गत सहज तरिकाले संचालन गर्न सकिने अवसर समेत रहेको छ ।
- जापान सरकारबाट प्राप्त अनुदान रकमलाई वार्षिक ५% ब्याज लाग्ने गरी ऋण स्वरुप लेखाङ्कन गर्ने निर्णय अनुसार २०७७ आषाढ मसान्त सम्म उद्योगले सरकारलाई भुक्तानी गर्न बाँकी साँवा रु.१,७२,५०,००,०००/- (एक अरब बहत्तर करोड पचास लाख) र सो को बक्यौता ब्याज रु.१,६६,०९,२०,२०१/०६ ( एक अरब छैसठ्ठी करोड नौलाख बीस हजार दुईसय एक रुपैयाँ छ पैसा मात्र ) गरी कुल रु.३,३८,५९,२०,२०१/०६ (तीन अरब अठतीस करोड उनान्साठी लाख बीस हजार दुईसय एक रुपैयाँ छ पैसा मात्र) ऋण दायित्त्व रहेको अवस्था छ ।सरकारलाई प्रति वर्ष भुक्तानी गर्नुपर्ने व्याज रकमलाई लक्षित

उत्पादनको हिसाबले गणना गर्दा प्रति बोरा रु. ३२/- लागत थप भैरहेको हुदा उक्त साँवा रकम तथा हालसम्मको व्याज रकम समेत गणना गरि नेपाल सरकारको साधारण शेयरमा परिणत भए उद्योगको प्रति बोरा उत्पादन लागत कम भै उपभोक्ताले सस्तोमा खरिद गर्न सक्ने अवस्था सिर्जना हुने ।

लोडसेडिङको समयमा डेडिकेटेड फिडर जडान गरि सो बापत तोकिएको थप महसुल बुझाउदै आएकोमा विद्युत प्राधिकरणले २०७५ साल वैशाख देखि नेपाललाई लोडसेडिङ मुक्त घोषणा गरे पनि उक्त डेडिकेटेड फिडर बापतको अतिरिक्त शुल्क नहटाई विलिङ गरिरहेको र सो बमोजिम उद्योगले पनि नियमित रुपमा बिल बमोजिम विद्युत महसुल बुझाउदै आएको छ । कोभिड -१९ को कारणले उद्योग बन्द भई २०७६ माघ महिनादेखि २०७७ पौष महिना सम्म विद्युत महसुल समेत नियमित रुपमा भुक्तानी गर्न नसकि बक्यौता रहेकोले उक्त बक्यौता रकमलाई उद्योगले डेडिकेटेड फिडर बापत बढी भुक्तानी भएको रकममा समायोजन भए उद्योगलाई सहज हुने ।

- सार्वजनिक खरिद ऐनको प्रावधानले गर्दा सामान खरिद प्रकृयामा ढिलाई हुँदा निरन्तर कार्यमा बाधा पुग्न गएको र overhead cost run बढ्न गएको । ऐनको प्रावधान अनुसार सार्वजनिक सूचना निकालेर खरिद गर्नुपर्ने हुदा कतिपय सामान तत्काल चाहिने सामानको खरिदमा कठिनाइ भई काममा बाधा पुग्ने गरेको । औद्योगिक क्षेत्रको निम्ति छुट्टै खरिद ऐन निर्माण भए सहजता हुने ।
- विद्युत backup नहुँदा Per Unit Cost उच्च हुन गएको । यसले गर्दा Market Competitiveness मा समेत असर पर्न गएको । यस विषयलाई सम्बोधन गर्न power backup जडान गर्न जरुरी रहेको । ८ करोड को लागतमा सोलारको माध्यमबाट १ मेगावाट बिजुली थप गरेर मेसिन निरन्तर चलाउन सकिने । वातावरणीय हिसाबले पनि यो उत्तम विकल्प रहेको ।
- हाल १६ जिल्लामा डिलर रहेको, विशेष गरी प्रदेश नम्बर १, २ र बाग्मती प्रदेशमा डिलर बिस्तारको क्रममा रहेको छ ।सिमेन्टको प्रति बोरा उच्च लागत उच्च रहेकोले प्रतिस्पर्धामा बाधा पुगेको तथापी गुणस्तर तथा ब्राण्ड उच्च रहेको छ। बिक्रेताहरुलाई Scheme दिन नसकेको कारण बिक्री- वितरणमा खासै चासो देखाउने नगरेको ।

**कर्मचारी युनियनका प्रतिनिधीहरुसँग गरिएको छलफलमा उठेका विषयहरु :-**

- उद्योगको अवस्था अत्यन्तै नाजुक रहेको र उद्योग लगभग बन्दहुने अवस्थामा पुगेको हुदाँ व्यवस्थापन र मजदुर संगठनहरु मिलेर काम गर्नुपर्छ र उद्योगलाई प्रभावकारी रुपमा संचालन गर्नुपर्छ भन्नेमा हामी सबै मजदुर संगठन प्रतिबद्ध छौं।
- एक समयमा निजीकरणको कुरा पनि उठेको र हेटौंडा सिमेन्ट उद्योगसँग मर्जरको कुरा पनि चल्ने गरेको छ । यसो भयो भने फेरी समस्या आउन सक्ने हुदा हामी सबै ट्रेड युनियन, मजदुर र कर्मचारीहरु उद्योगको निर्वाध संचालनको पक्षमा छौ र व्यवस्थापनसँग हातेमालो गर्दै अघि बढिरहेका छौ ।
- अन्य उद्योगहरुमा जस्तो मजदुर र व्यवस्थापन बीच कुनै विवाद छैन । मिलेर काम गरिरहेका छौं । हाल उद्योग संचालनमा सुधार हुँदै गएको र सबैमा काम गर्ने आत्मबल बढेको छ । मिलेर गरे उद्योगलाई राम्रो बनाउन सकिन्छ भन्ने प्रमाणित भएको छ।

**जनप्रतिनिधीहरु, उद्योग वाणिज्य संघको प्रतिनिधी, डिलरहरु एवं स्थानीय बासिन्दाहरुसँग गरिएको छलफलमा उठेका विषयहरु :-**

उद्योगबाट आएको प्रदुषण नियन्त्रण गर्नका निम्ति वरिपरिको ८-१० कि.मि. सडक पिच गर्नुपर्ने।

खानेपानी वितरण थप व्यवस्थित गर्नुपर्ने ।

सिचाँइ –बोरिङ गर्नुपर्ने ।

जनता उच्च मा. वि.लाई जोड्ने पूल निर्माण भए वर्खामा विद्यालय वार-पार गर्न सहज हुने ।

एम्बुलेन्सको जरुरत रहेको ।

कृषि यस क्षेत्रको जनताको मुख्य पेशा रहेकोले कृषिमा आत्मनिर्भर हुने योजना अवलम्वन गर्न जरुरी रहेको । अनुत्पादक जमिनलाई उद्योगले lease मा लिई उपयोग गर्न सकिने । माछापालन, प्राङ्गगारिक उत्पादन र पशुपालन गर्न सकिने ।

**छलफल तथा अन्तर्क्रियामा माननीयज्यूबाट भएको संबोधन**

- राष्ट्रिय योजना आयोगको भुमिका अनुरुप यस उद्योगको विकास र विकासका लागि सहयोग गरिने ।
- आन्तरिक मूल्याङ्कन बाट प्राप्त भएका समस्या समाधानका लागि सम्बन्धित निकायलाई निर्देशन दिई सो सम्बन्धमा निरन्तर पहल गरिने ।

- उद्योगको विकास र विस्तारका लागि short term, mid-term & long term plan बनाई सोहीबमोजिम कार्यसम्पादन गर्न समिति गठन गर्ने र उक्त समितिलाई निश्चिति निर्णय गर्ने आधार दिनुपर्ने सुझाव प्रस्तुत ।
- उद्योगको लागि आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्ति आपुर्तिको लागि सम्बन्धित निकायमार्फत पहल गरिने ।
- नेपाललाई कृषि अर्थतन्त्रबाट व्यवसायिकरण र यान्त्रिकिकरण गर्न विद्यमान संरचनालाई सुदृढ बनाउन पहल गर्नुपर्ने ।
- उद्योगका जीर्ण मेसिनहरुलाई प्राथमिकताको आधारमा मर्मत संभार र नयाँ मेसिन खरिद ( Replace) गर्नुपर्ने ।
- उद्योग क्षेत्रमा आवश्यक पर्ने सार्वजनिक वस्तुको खरिद गर्दा सहज हुनेगरी प्रक्रिया सरलिकरण गर्न सार्वजनिक खरिद ऐन संशोधनका लागि सम्बन्धित निकायमार्फत सहजीकरण गरिने ।
- बजारमा सिमेन्टको सहज आपूर्तिका लागि सम्बन्धित सिमेन्ट विक्रेतासँग समन्वय तथा सहजीकरण गर्न उद्योगलाई सुझाव ।
- उदयपुर सिमेन्ट उद्योगको विकासका लागि SWOT Analysis गरी सम्बन्धित सरोकारवालहरुको सहभागितामा उद्योगको विकासमा प्रयत्नशिल हुने।
- विद्युत आपुर्तिबाट बाँकी रकम असुल गराउन सम्बन्धित निकायमार्फत प्रक्रिया अगाडि बढाउन सुझाव बढाउनुपर्ने ।
- CSR मार्फत छुट्टाइएको रकमबाट उद्योग प्रभावित क्षेत्रको वातावरण, स्वास्थ्य तथा सडक मर्मत संभार तथा विस्तारमा लगानी गर्नुपर्ने ।
- उद्योग प्रभावित क्षेत्रमा सामाजिक र पुर्वाधार आयोजनाको निर्माणको लागि विशेष अनुदान र समपुरक अनुदानको लागि सम्बन्धित नगरपालिकाले Proposal तयार लगायत अन्य प्रक्रिया अगाडि बढाउनु पर्ने ।
- अन्त्यमा उद्योगको विकासका लागि स्थानीय बासिन्दा, सरोकारवाला व्यक्ति, स्थानीय जनप्रतिनिधि लगायत उद्योगका सम्पुर्ण कर्मचारीहरुको सहयोग र समन्वय हुनुपर्ने विषयमा जोड ।

## ४.२. उदयपुर सिमेन्ट उद्योग लिमिटेड को मुल्यांकन मा देखिएको अवस्था

यस उद्योगको मूल्यांकन गर्दा कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाका आधारमा गरिएकोमा निम्नानुसारको निष्कर्ष पाईएको छ ।

**कार्यसम्पादन**

कार्यक्रमको कार्यसम्पादनको मूल्याङ्कनका लागि उद्योगमा लगानी गरिएका साधन स्रोतहरु योजना अनुसार प्रयोग भए / नभएको, विगत पाँच वर्षमा लक्ष्य अनुरुप उपलब्धिहरु (भौतिक र वित्तीय) प्राप्त भए / नभएको जस्ता आधार लिइएकोमा उद्योगमा लगानी गरिएका स्रोत साधनहरु योजना अनुसार उपयोग हुन सकेको देखिँदैन भने उद्योगले पनि आफ्नो लक्ष्य अनुसारको उपलब्धि (भौतिक र वित्तीय प्रगति )हासिल गर्न सकेको देखिँदैन । उद्योगको विभिन्न आर्थिक वर्षका लेखा परिक्षण प्रतिवेदनहरुले समेत उक्त कुरा पुष्टी गर्दछन् । पुराना र दक्ष कर्मचारीहरूको क्रमशः उद्योगबाट अवकाश हुदै जानू तथा मेशिनरी औजारहरु पनि पुराना हुँदै गएको कारण अपेक्षित प्रतिफल हासिल नभएको देखिन्छ ।

**सान्दर्भिकता**

सान्दर्भिकताको सन्दर्भमा हेर्दा मुलुकमा निजी क्षेत्रका उद्योगहरुलाई प्रतिस्पर्धी बनाई मूल्य र गुणस्तरमा नियन्त्रण गर्न र बजार निर्माण गर्न पनि प्रस्तुत उद्योग धेरै सान्दर्भिक रहेको देखिन्छ । ठूला ठूला विकास आयोजनाहरुको निर्माणका साथै पूर्वाधार निर्माणका कामहरु हुँदै गरेको सन्दर्भमा सिमेन्टको आयात घटाउन र गुणस्तरिय सिमेन्टको उत्पादन बढाइ बजारलाई नियमन गर्न पनि प्रस्तुत उद्योग धेरै सान्दर्भिक रहेको देखिन्छ ।

**प्रभावकारिता**

प्रभावकारिताको पक्षबाट हेर्दा प्रस्तुत उद्योग प्रभावकारी ढंगले सञ्चालन हुन सकेको देखिँदैन उद्योगले राखेका लक्ष्य र उद्देश्यहरु हासिल भएको देखिँदैन । उद्योगले आफ्नो लक्ष्य अनुरुप उत्पादन गर्न सकेको छैन ।यसको प्रमुख कारणहरुमा उद्योगका पुराना मेसिनरी उपकरणहरु, विद्युत आपुर्तिमा अवरोध र जनशक्ति रहेको देखिन्छ ।

**कार्यदक्षता**

कार्यदक्षता कार्यदक्षताको पक्षबाट हेर्दा उद्योगको कार्यदक्षता स्तर ज्यादै न्यून रहेको देखिन्छ । उद्योगले आफ्नो वार्षिक क्षमताको करिब ४० देखि ५० प्रतिशत मात्रै उत्पादन गर्न सकेको अवस्था छ ।(स्रोत: महाप्रबन्धकको प्रतुतिकरण ) भने उद्योगमा विद्युत् आपूर्तिको अवस्थाले उत्पादनमा असर पारेको देखिन्छ । एकै क्षणको विद्युत अवरोधले पनि उद्योगको उत्पादनमा पर्याप्त असर पर्ने हुँदा उद्योगले इन्धनको लागि वैकल्पिक ऊर्जाको आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**प्रभाव**

प्रभावको पक्षबाट हेर्दा प्रस्तुत उद्योगले यस क्षेत्रको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको देखिन्छ । उद्योगका कारण स्थानीयले रोजगारी प्राप्त गर्नुको साथै व्यापार व्यवसाय हरुमा पनि अभिवृद्धि भएको देखिन्छ । वातावरणीय पक्ष बाहेक उद्योगको सम्बन्धमा स्थानीय सरोकारवालाहरु सबै सकारात्मक भएको देखिन्छ र उनीहरूको माग पनि उद्योगको निरन्तर सञ्चालन कै रहेको देखिन्छ ।

**दिगोपना**

उच्च गुणस्तरको कच्चा पदार्थको उपयोग र गुणस्तरीय सिमेन्ट उत्पादनको माध्यमबाट बजारलाई प्रतिस्पर्धि बनाउदै यस क्षेत्रको विकासको लागि प्रस्तुत उद्योग अत्यन्त महत्वपूर्ण र आवश्यक रहेको देखिन्छ ।बजारमा निजी क्षेत्रको एकाधिकारको अन्त्य, रोजगारीको अवसर सिर्जना लगायतका कार्यमा यस उद्योगको महत्वपुर्ण भुमिका रहेको सन्दर्भमा उद्योगलाई अपग्रेड गर्दै उद्योगलाई पूर्ण क्षमतामा ( अझ उत्पादन क्षमतामा अभिवृद्धि गरी ) सञ्चालन गर्न उपयुक्त देखिन्छ ।

## ४.३. उद्योगको सबल तथा दुर्बल पक्षहरू र अवसर तथा चुनौती

उद्योगको SWOT Analysis मा सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीको विश्लेषण गरिएको छ ।

**सबल पक्ष**

- नेपाल सरकारको पूर्ण स्वामित्वमा संचालित उद्योग,
- उच्च गुणस्तरको चुनढुङ्गा खानी भएको,
- क्लिंकरको लागि ठुलो भण्डारण क्षमता भएको,
- ठूलो उत्पादन क्षमता भएको,
- उत्कृष्ट ब्राण्ड र बजारमा उच्च माग रहेको,
- उद्योग र खानीक्षेत्रबीच कम दुरी र राम्रो सडक संजाल भएको,
- भविष्यमा उद्योग विस्तारका लागी पर्याप्त जग्गा भएको,
- उद्योग क्षेत्रमा मात्र क्लिंकरको लागि ठूलो माग रहेको, क्लिंकर उत्पादन र बिक्रि नै मुख्य स्रोत हुन सक्ने अवस्था भएको ।

**दुर्बल पक्ष**

- विद्युत आपुर्तिमा अनियमितताका कारण उत्पादनमा अवरोध सिर्जना भएको,
- चुनढुङ्गा, कोइला लगायत कच्चा पदार्थ होपर सम्म लैजाने बेल्ट नहुदा सामान खेर जाने अवस्था भएको,
- कमजोर वित्तीय अवस्था,
- पुराना मेशिनरी उपकरणहरु,
- दक्ष जनशक्ति कम हुदै गएको अवस्था,
- क्षमता भन्दा आधा उत्पादन भइरहेको,
- उद्योग आफ्नो उद्देश्य अनुरूप सञ्चालन हुन नसकेको,
- महाप्रबन्धकको नियुक्ति समयमा हुन नसकेको ।

**अवसर**

- बढ्दो शहरीकरणको कारण सिमेन्ट / क्लिंकरको लागि माग बढ्दै गएको,
- व्यवस्थापन र मजदुरहरुबीच सौहाद्रपुर्ण सम्बन्ध कायम रहेको,
- मुलुकमा ठुला ठुला भवनहरु र पुर्वाधारका ठुला संरचनाहरु निर्माण हुदै गएका,
- विद्यमान प्रविधिलाइ स्तरोन्नति गर्ने अवसर रहेको,
- गर्विलो ब्राण्ड, विश्वसनिय र बजारमा उच्चमाग रहेको,
- देशमा पर्याप्त विद्युत् उर्जाको उपलब्धता रहेको ।

**चुनौती**

- आधुनिक प्रविधि प्रयोग गर्नु,
- उद्योगलाई तत्काल स्तरोन्नति गर्नु,
- बजारमा बढदो प्रतिस्पर्धाको सामना गर्नु(क्षमता अनुसार उत्पादन भए आपूर्ति मागभन्दा बढी हुने)
- वातावरणीय प्रदुषण बढ्दै जानु,
- सरकारी चासो कम हुनु,
- सिमेन्ट उद्योगमा विदेशी लगानी बढदै जानु,
- कोभिड -१९ को प्रभाव र ठूला परियोजनाहरुमा अवरोध न्यूनीकरण गर्नु ।

# परिच्छेद ५

## निष्कर्ष र सुझाव

**सुझावहरु**

- हाल उद्योगमा कर्मचारीहरुको स्वीकृत दरबन्दी ६१३ रहेको मा ३३९ जना कर्मचारीहरु मात्र कार्यरत रहेको देखिदा तत्काल ओएनएम गरी अनावश्यक दरबन्दी कटौती गर्नुपर्ने र अत्यावश्यक तर रिक्त रहेका प्राविधिक जनशक्तिहरु लोकसेवा आयोग मार्फत पूर्ति हुने व्यवस्था गर्ने,
- न्युन उत्पादन र कार्यदक्षताको अभावमा उद्योगको बजार साँघुरिँदै गरेको अवस्थामा नयाँ बिक्रि नीति तर्जुमा गरी अधिकृत बिक्रेताहरु नियुक्ति गर्ने र बजारमा भरपर्दो उपस्थिति देखाउनु पर्ने,
- उद्योग परिसरमा कोइला, चुनढुङ्गा, रातो माटो भण्डारण स्थलबाट सम्बन्धित hooper सम्म लैजान थप मेशिन प्रयोग भएको देखिदा उक्त कार्यको लागि बेल्ट निर्माण गरी स्वचालित पद्धतिबाट कच्चापदार्थ पठाउने व्यवस्था गर्ने जसबाट श्रम र लागत बचत हुने र सामग्रीहरु नष्ट हुने तथा खेर जाने अवस्था रहँदैन,
- उद्योगले डेडिकेटेड फिडर प्रयोग गरेबापत विद्युत प्राधिकरणलाई तिरेको महशुल लोडसेडिङको अन्त्य सगैं छुट हुनुपर्ने र बढी भुक्तानी भएको रकम समायोजन हुनुपर्ने भनी लिएको जिकिरको सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी यथासक्य छिटो यो विषय टुंग्याउनुपर्ने,
- बेलाबेलामा विद्युत आपुर्तिमा हुने अवरोधले उत्पादनमा समस्या र प्रति एकाई लागत समेत बढ्ने गरेको सम्बन्धमा तत्काल विद्युत Back Up राखी वैकल्पिक ऊर्जाको आवश्यक व्यवस्था गर्नुपर्ने,
- लेखा परीक्षण प्रतिवेदनले औंल्याएका विषयहरू (जस्तै उद्योगको शेयर र ऋण को हिसाब अद्यावधिक गर्नु पर्ने, उद्योगले विराटनगर जुट मिल्सलाई दिएको ऋण र त्रिशक्ति पोलिप्याक्समा गरेको शेयर लगानी लगायतका विषयहरु) तत्काल सम्बोधन हुनुपर्ने,
- उद्योगको हालको उत्पादन क्षमता आठ सय मेट्रिकटन बाट वृद्धि गरी एघार सय मेट्रिकटन पुर्याउने लक्ष्य सहितको अध्ययन प्रतिवेदन उपर मन्त्रालयबाट अध्ययन कार्य अघि बढाई उद्योगको upgrade गर्नुपर्ने,

- खानी क्षेत्रबाट उद्योगसम्म चुनढुङ्गा ढुवानी गर्ने रोपवे पुरानो भएको हुँदा सोको upgrade गर्नुपर्ने,
- उद्योगको स्वामित्वमा रहेको जग्गा हरूको अभिलेख अध्यावधिक गरी संरक्षण गर्ने तथा उद्योगसँग प्रत्यक्ष सरोकार राख्ने किसिमका सहायक उद्योगहरु स्थापनाका लागि लिजमा दिन सकिने नीति तर्जुमा गरी अघि बढ्नुपर्ने,
- मुलुकमा क्लिंकरको बढ्दै गरेको मागको सम्बन्धमा उद्योगलाई क्लिंकर उत्पादनको क्षेत्रमा अग्रणी रुपमा स्थापित गर्न सो सम्बन्धी अध्ययन क्लिंकर उत्पादनमा जोड दिने गरी उद्योगलाई upgrade गर्ने,
- लामो समयदेखि उद्योगको साधारणसभा हुन नसकेको सन्दर्भमा तत्काल साधारण सभा गर्ने,
- सरकारी स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योग दुवैलाई मर्ज गरी नयाँ रुपमा संचालन गर्न सक्ने सम्भावना पनि रहेको देखिँदा यस सम्बन्धमा मन्त्रालयले आवश्यक अध्ययन कार्य अघि बढाउने
- उद्योगको खानी क्षेत्रमा उच्च गुणस्तरको चुनढुङ्गा रहेको र सोको न्युन उपयोग भएको देखिदा उद्योगको नजिकै रहेको खाली जग्गामा अर्को प्लान्ट स्थापना गरी उद्योगलाई अझै ठूलो स्केलमा सञ्चालन गर्ने व्यवस्था मिलाउने सम्बन्धमा मन्त्रालयले आवश्यक अध्ययन कार्य अगाडि बढाउने ।

## अनुसूची १

### आन्तरिक मूल्याङ्कन टोली

- माननीय सदस्य -संयोजक
- महाशाखा प्रमुख (सम्बन्धित विषयक्षेत्र हेर्ने) -सदस्य
- अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट प्रतिनिधि -सदस्य
- सम्बन्धित मन्त्रालयबाट अनुगमन तथा मूल्यांकन शाखाबाट उपसचिव -सदस्य
- सम्बन्धित आयोजनाबाट अधिकृतस्तरको विषयविज्ञ -सदस्य
- मूल्याङ्कनसँग सम्बद्ध वाह्य संस्थाबाट विज्ञ -सदस्य
- विषयक्षेत्र हेर्ने शाखाबाट कार्यक्रम निर्देशक -सदस्य-सचिव

## अनुसूची २

### उदयपुर सिमेन्ट उद्योग लिमिटेडको आन्तरिक मूल्यांकन प्रश्नावली

- स्थानः त्रियुगा न.पा. उदयपुर
- आयोजनाको नाम : उदयपुर सिमेन्ट उद्योग लिमिटेड
- यो प्रश्नावली यस आयोगबाट स्वीकृत आन्तरिक मूल्यांकन कार्यशर्तमा उल्लिखित आन्तरिक मूल्याङ्कनका क्षेत्रः सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाको अध्ययन गर्ने सन्दर्भमा तयार गरिएको छ । आन्तरिक मूल्यांकन गर्ने क्रममा यस प्रश्नावलीअनुरुप निर्माण व्यवसायी, उदयपुर सिमेन्ट उद्योगको डिलरहरु, खानी र उद्योग क्षेत्रका स्थानीय बासिन्दाहरुको कुनै प्रतिनिधिमूलक संस्था भएमा सो को प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि, उद्योगको व्यवस्थापन पक्ष, कर्मचारीहरु र सम्भव भए सम्म वातावरणीय क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधि एवं उपभोक्ताहरुका प्रतिनिधिहरुसँग अन्तर्क्रिया तथा छलफल गरिने छ ।

**क. कार्य सम्पादन स्तर**

- उद्योगमा जनशक्तिको अवस्था के कस्तो छ ? (पर्याप्त जनशक्ती भए/नभएको स्थानीयहरुको रोजगारीमा आवद्धता)
- उद्योगमा विद्युत आपुर्ति, कच्चा पदार्थको उपलव्धता, अन्य स्रोत साधनको अवस्था, मेशिनरी औजार र तिनको मर्मत सम्भारको अवस्था के कस्तो छ ?

- लगानी गरिएका साधन स्रोतहरु योजना अनुसार प्रयोग भएका छन् की छैनन् ?
- विगत पाँच वर्षमा लक्ष्य अनुसारका उपलब्धिहरु (भौतिक र वित्तिय) प्राप्त भएका छन् की छैनन् ? यी लक्ष्य तथा प्रतिफलहरु हासिल नभएका भए त्यसका कारणहरु के के हुन सक्छन ?
- प्रमुख समस्या तथा चुनौती र समाधानका उपायहरु के के हुन सक्छन् ?
- यस उद्योगमा अन्य कुनै निकायवाट अनुगमन भएको छ/छैन? भएको भए कुन /कुन निकायहरुवाट भएको छ र दिइएका सुझावहरु के के थिए? उद्योगको प्रतिवेदन प्रणाली कस्तो छ?

ख. **सान्दर्भिकता (Relevancy)**

- यो उद्योग दिगो विकास लक्ष्य, राष्ट्रिय नीति तथा प्राथमिकतासंग मेल खान्छ कि खादैन ?
- यस उद्योगले यस क्षेत्रको विकासमा कस्ता कस्ता सकारात्मक प्रभाव पारेको छ ?

**ग. प्रभावकारिता (Effectiveness)**

- खानी र उद्योग क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरुको उद्योग संग के कस्तो सम्बन्ध छ ? गुनासाहरु छन्/छैनन् ? भए त्यसको सम्बोधन भएको छ/छैन ?
- बजारमा गुणस्तरीय सिमेन्टको सहज आपुर्ति छ वा छैन ?

**घ. कार्यदक्षताः**

- उद्योगको दैनिक उत्पादन क्षमता कति हो ? दैनिक क्षमता अनुसार उत्पादन छ/छैन ? नभएको भए सो को कारण र समाधानको उपाय के हुन सक्छ ?
- उत्पादन लागत अन्य प्रतिस्पर्धी उद्योगको तुलनामा के कस्तो छ? उत्पादन लागत वढी भए के कसरी घटाउन सकिन्छ ?
- उद्योगमा स्रोत विनियोजन र उपयोग सक्षमता कस्तो छ ?
- प्रतिफलको गुणस्तर एंव परिणाम कस्तो छ ?

**ङ. प्रभाव (Impact)**

- यस उद्योगको संचालनबाट यस क्षेत्रका बासिन्दाहरुको आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रमा के कस्तो प्रभाव पारेको छ ?
- रोजगारी तथा आय आर्जनमा के कस्तो प्रभाव पारेको छ?
- प्राकृतिक श्रोतहरुको सदुपयोगको अवस्था कस्तो छ ?
- यस उद्योगका सम्बन्धमा सरोकारवालाहरुको सन्तुष्टि कस्तो छ ?

- यस उद्योगबाट के कति जनसंख्या लाभान्वित भए र त्यसले गर्दा स्थानीय जनताको जीवनस्तरमा के कस्तो प्रभाव पर्छ ?

**च. दिगोपना (Sustainability)**

- आयोजना संचालनमा नीतिगत, संस्थागत र प्राविधिक पक्षको दिगोपनाको अवस्था कस्तो छ ?
- यस उद्योगको संचालनबाट आर्थिक, सामाजिक तथा वातावरणीय दिगोपना कस्तो छ ?

- यस उद्योगको सम्बन्धमा तपाईको थप सुझाव/ विचारहरु केही भए...................... ।

**सन्दर्भ सामाग्रीः**

- नेपालको संविधान
- औद्योगिक नीति, २०७६- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- वाणिज्य नीति, २०७२- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- औद्योगिक व्यवसाय नियमावली, २०७६- नेपाल कानुन आयोग
- पन्ध्रौ पञ्चवर्षिय योजना २०७६/७७-२०८०/८१- राष्ट्रिय योजना आयोग
- राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५- राष्ट्रिय योजना आयोग
- नेपाल सरकारका राष्ट्रिय नीति तथा कार्यक्रम
- विभिन्न निकायका वेबसाइट